श्री ५ को सरकार

# अर्थ मन्त्रालयको

## सूचना

नेपाल राष्ट्र बैङ्क ऐन, २०१२ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले द्वय विनिमय दर व्यवस्था बारे बैङ्कको राय लिई २०३४।१२।१८ गतेदेखि लागू हुने गरी यो आदेश जारी गरेको छ।

१. परिवर्त्य विदेशी मुद्रामा हुने निकासी–पैठारी र अन्य कारोबारमा मिति २०३४।१२।१ देखि द्वय विनिमय दर व्यवस्था लागू गरिएको छ। तर, प्रचलित बोनस व्यवस्था अन्तर्गत भई सकेको र हुन बाँकी निकासी-पैठारी कारोबारमा तोकिएको अवधिको निमित्त यो नयाँ व्यवस्था लागू हुने छैन। बोनस व्यवस्था अन्तर्गत बाहेकका अन्य सबै निकासी-पैठारी र अरू कारोबारहरूलाई भने मिति २०३४।१२।१८ देखि नयाँ व्यवस्था नै लागू हुनेछ। यो कुरा प्रतीतपत्र खोली सकेको तर भुक्तानी पठाई नसकेको तथा अन्य अवस्थामा रहेका सबै केसहरूमा लागू हुनेछ।

२. द्वय विनिमय दर अन्तर्गत परिवर्त्य विदेशी मुद्राको दुई विनिमय दरहरू हुनेछन्। पहिलो दर एक अमेरिकी डलर रू. १२।- कायम गरिएको छ। यस दरलाई मूल दर (Basic Rate) भनिनेछ। अर्को दर एक अमेरिकी डलरको रू. १६।– कायम गरिएको छ। यस दरलाई दोस्रो दर (Second Rate) भनिनेछ। यसको आधारमा भारतीय रूपैयाँको विनिमयदर बाहेक अन्य सबै विदेशी मुद्राहरूको खरीद र बिक्रीदरहरू नेपाल राष्ट्र बैङ्कले तोक्नेछ।

३. नेपाल अधिराज्यमा उत्पादन गरेको, तैयार गरेको वा प्रशोधन गरेको वस्तुहरू निकासी गरी आर्जन गरेको परिवर्त्य विदेशी मुद्रा सटही गर्दा दोस्रो दरमा सटही गरिनेछ।

४. बार्टर सम्झौता, रूपैयाँमा भुक्तानी पाउने गरी गरिएको सम्झौता, सीमाना व्यापार आदि व्यवस्था अन्तर्गत भएको परिवर्त्य विदेशी मुद्रामा भुक्तानी नपाइने आर्जनमा दोस्रो दरमा सटही दिइने छैन। अन्तर्राष्ट्रिय बोल-पत्र (International tender) अन्तर्गत परिवर्त्य विदेशी मुद्रामा भुक्तानी पाउने गरी नेपाल अधिराज्यभित्र नै बेचिने माल-वस्तुहरूको हकमा दोस्रो दर लागू हुनेछ।

५. दोस्रो दरमा सटही गर्दा निकासी आर्जनलाई एफ्. ओ. बी. नेपाल सीमाना भन्सार (F. O. B. Nepal Border Customs) को आधारमा मूल्याङ्कन गरिनेछ र अधिक-बिजन (Over-invoicing) लाई रोक्न निकासी आर्जनको मूल्याङ्कनको निमित्त विशेष मूल्याङ्कन विधि अपनाइनेछ।

६. निकासीसंग सम्बन्धित परिवर्त्य मुद्रामा हुने ढुवानी र बीमा खर्चको निमित्त निकासी-कर्ताहरूलाई परिवर्त्य विदेशी मुद्रा मूल दरमा उपलब्ध गराइनेछ। तर निकासी गर्दा भार-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तीय सीमानाभित्रको स्थल मार्गमा लाग्ने खर्चहरूको लागि परिवर्त्य विदेशी मुद्रा उपलब्ध गराइने छैन । भारतीय भूमिमा नउतारी सोझै नेपाल अधिराज्यबाट निकासी गरिने देशसम्म वा बाटामा पर्ने अन्य कुनै देशको स्थलसम्म उतारिने वस्तुहरूको हकमा परिवर्त्य विदेशी मुद्रामा पर्ने सबै ढुवानी र बीमा खर्च मूल दरमा उपलब्ध गराइनेछ ।

७. ढुवानी र बीमाबाट आर्जन गरिएको परिवर्त्य बिदेशी मुद्राको सटही मूल दरमा गरिनेछ ।

८. पैठारीकर्ताहरूलाई पैठारीको भुक्तानीको निमित्त परिवर्त्य विदेशी मुद्रा उपलब्ध गराउँदा यसै सूचनासाथ संलग्न गरिएको अनुसूची– १ मा उल्लेखित वस्तुहरूको निमित्त मूल दरमा र यस अनुसूचीमा नपरेका अन्य सबै वस्तुहरूको निमित्त दोस्रो दरमा उपलब्ध गराइनेछ ।

९. सबै प्रकारका वस्तुहरूको पैठारीसंग सम्बन्धित परिवर्त्य विदेशी मुद्रामा पर्ने ढुवानी र बीमा खर्चको निमित्त मूल दरमा परिवर्त्य विदेशी मुद्रा उपलब्ध गराइनेछ । तर भारतीय सीमानाभित्रको स्थलमार्गमा पर्ने खर्चहरूको लागि परिवर्त्य विदेशी मुद्रा उपलब्ध गराइने छैन । भारतीय भूमिमा नउतारी सोझै नेपाल अधिराज्यभित्र उतारिने वस्तुहरूको हकमा नेपाल अधिराज्यको प्रवेशस्थानसम्मका लागि पर्ने परिवर्त्य विदेशी मुद्रामा हुने ढुवानी र बीमा खर्च पनि मूल दरमा उपलब्ध गराइनेछ ।

१०. श्री ५ को सरकारलाई विदेशी अनुदान र ऋण अन्तर्गत प्राप्त भएको रकम अन्य सरकारी र गैर–सरकारी इकाईहरूलाई कर्जाको रूपमा उपलब्ध गराउँदा उक्त रकम मूल दर लाग्ने वस्तु वा सेवाको भुक्तानीको निमित्त उपयोग गरिएको हो भने मूल दरमा र दोस्रो दर लाग्ने वस्तु वा सेवाको भुक्तानीको लागि उपयोग गरिएको हो भने दोस्रो दरमा हिसाब गरिनेछ र यसै हिसाबबाट श्री ५ को सरकारले यी इकाईहरूबाट सावाँ र व्याज असूल उपर गर्नेछ ।

११. श्री ५ को सरकारले परिवर्त्य विदेशी मुद्रामा तिर्नु पर्ने विदेशी ऋणको सावाँ र ब्याजको भुक्तानीको निमित्त परिवर्त्य विदेशी मुद्रा मूल दरमा उपलब्ध गराइनेछ । श्री ५ को सरकार बाहेक अन्य इकाईहरूको विदेशी ऋणको सावाँ र ब्याज भुक्तानी गर्न परिवर्त्य विदेशी मुद्रा सटही गर्दा मूल दर लागू भएको वस्तु वा सेवाको भुक्तानीको निमित्त उपयोग गरिएकोमा मूल दरमा र दोस्रो दर लागू भएको वस्तु वा सेवाको भुक्तानीको निमित्त उपयोग गरिएमा दोस्रो दरमा सटही सुविधा दिइनेछ ।

१२. माथि उल्लेख गरिएको बाहेक परिवर्त्य विदेशी मुद्रामा हुने अन्य सबै कारोवार र भुक्तानीको निमित्त मूल दरमा सटही दिइनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची– १

### नेपाल अधिराज्यभित्र पैठारीको लागि परिवर्त्य विदेशी मुद्रामा भुक्तानी गर्न मूल दरमा सटही सुविधा दिइने वस्तुहरू

क. पेट्रोलियम पदार्थ र लुब्रिकेण्टहरू

- क–१ पेट्रोल
- क–२ मट्टितेल
- क–३ डिजेल
- क–४ अन्य पेट्रोलियम फ्युलहरू
- क–५ मोबिल, ग्रीज र पेट्रोलियममा आधारित लुब्रिकेण्टरहरू

ख. तयारी मल खाद

- ख–१ नाइट्रोजन्स
- ख–२ फोष्फेटिक
- ख–३ पोटासियम
- ख–४ अन्य मल खाद (जनावर र वनस्पतिको प्राकृतिक मल समेत)

ग. सिमेण्ट

घ. कोइला र कोक

ङ. औद्योगिक रासायनिक पदार्थहरू (श्री ५ को सरकारले तोकेबमोजिम)

च. कपास

- च–१ नफडकिएको कपास
- च–२ कपास कोरेको (कार्डिङ्ग गरेको)

छ. कपडा बुन्ने सूती धागो

- छ–१ कपासको सूत वा धागो (कटन टुईष्ट यार्न र थ्रेड)
- छ–२ मर्सिराइज गरिएको अथवा रंगाएको कपासको सूत वा धागो

ज. फलाम इस्पात आदि धातु

- ज–१ फलाम इस्पात र फलाम इस्पात मिश्रणको तार, एङ्गल, पाता र स्ट्रिप (स्टेनलेस स्टील शीट बाहेक)
- ज–२ तामा र तामा मिश्रणको डण्डी र पाता
- ज–३ आलमोनियम र आलमोनियम मिश्रणको डण्डी र पाता

झ. बिजुलीबाट चल्ने बाहेकको मेशिनरी (हाते औजार र पार्टपूर्जाहरू बाहेक)

- झ–१ स्टीम ब्वायलर र स्टीम जेनेरेटर

मुद्रण विभाग सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

झ–२ ब्वायलर हर्स प्लाण्ट (इकोनोमाइजर, सुपर हिटर, सुट सिमुवर र सम्बन्धित वस्तुहरू)

झ–३ वाष्प इन्जीन, वाष्प टरवाइन

झ–४ हावाबाट चल्ने इन्जीन, तातो हावाबाट चल्ने इन्जीन, पनचक्की र पानीको टरवाइन, ग्यांसको टरवाइन, इत्यादि

ञ. क्रृषिसम्बन्धी मेशीन र औजार (हाते औजार र पार्टपूर्जाहरू बाहेक)

ञ–१ खेतीपातीको निमित्त खनजोत र खेत तैयार पार्ने मेशीनहरू (ट्र्याक्टर बाहेक)

ञ–२ पानी तान्ने पम्प (ट्युबेल)

ञ–३ इन्क्युवेटर

ट. धातुमा काम गर्ने मेशीन (हाते औजार र पार्टपूर्जाहरू बाहेक)

ठ. खानी र निर्माणको कामको मेशीन (हाते औजार र पार्टपूर्जाहरू बाहेक)

ठ–१ ओसार्ने, उचाल्ने, खन्ने, बाटो बनाउने मेशिनरी

ठ–२ खानीमा काम गर्ने मेशिनरी

ड. औद्योगिक मेशिनरी (हाते औजार र पार्टपूर्जाहरू बाहेक)

ड–१ होजियरी मेशीन (पावरबाट चल्ने समेत)

ड–२ घरेलु कपडा बुन्ने तान आदि यन्त्र

ड–३ अन्य सबै औद्योगिक कामको मेशिनरी

ढ. बिजुलीको मेशिनरी (हाते औजार र पार्टपूर्जाहरू बाहेक)

ढ–१ बिजुलीको जेनेरेटर र ट्रान्सफरमर

ढ–२ बिजुलीको कन्भर्टर, स्विचगियर, आल्टरनेटर

ढ–३ बिजुलीको मोटर

ढ–४ बिजुलीको रोटर र स्टेटर

आज्ञाले–
लोकबहादुर श्रेष्ठ
श्री ५ को सरकारको निमित्त सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।